नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १ २०८१ साल साउन १ गते मंगलबार (16 July 2024 Tuesday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नवनियुक्त प्रधानमन्त्री ओलीको.. ३ पृष्ठमा : मधेस प्रदेश सरकारको बजेट ... ३ पृष्ठमाआक्रमणमा मेरो हत्या गर्ने...

## छिन्नमस्ता गाउँपालिकाको झण्डै १५ करोड असुल गर्न बाँकी




**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकामा गत आर्थिक वर्ष २०७९/८० मा १४ करोड ९९ लाख ३ सय ६० रुँपैया असुल गर्नुपर्ने अन्तिम लेखापरीक्षण प्रतिवेदनले देखाएको छ ।

सो प्रतिवेदनमा अनियमित भएको रकम २२ करोड १५ लाख १६ रुँपैया, प्रमाणका कागजात पेश नभएको रकम ३३ करोड ५७ लाख ३ हजार ५ सय २८ रुँपैया तथा पेश्की रकम ७ लाख ५५ हजार ५ सय १५ रुँपैया असुल उपर गर्नु पर्ने उल्लेख गरिएको छ ।

यस्तै बेरुजु रकम ७१ करोड ४६ लाख ९ हजार ४ सय १९ रुँपैया रहेको प्रतिवेदनमा उल्लेख छ ।

सोही प्रतिवेदनमा गाउँपालिका स्तरिय कार्यक्रमबाट योगालयका लागि ८ लाख तथा वडा नं. १ को कार्यक्रमबाट जीम सेन्टरका लागि ५ लाख रकम खर्च भएको खर्च भएको देखाइएपनि जिम सेन्टर स्थापना गाउँपालिकामा कहाँ भएको नदेखिएको तथा जिम सेन्टरको लागि पालिका केन्द्र भित्रको सार्वजनिक भवन वा नवनिर्मित भवन कुन ठाउँमा राख्ने भन्ने निर्णय समेत नगरि जिम सामाग्रि वापत खर्च उपयुक्त नदेखिएको जनाइएको छ ।

यस्तै गाउँपालिकाले छिन्नमस्ता भगबती मन्दिरको प्रचार गर्न निर्माण गरेको बृत्तचित्रमा ३ लाख ३१ हजार ६ सय ५० रुँपैया बृत्तचित्र निर्माण गरेको निकायसँग असुल उपर गर्ने प्रतिवेदनमा जनाइएको छ । प्रतिवेदनमा ४ लाख ९५ हजार रकममा ६० मिनेटको बृत्तचित्र निर्माण गर्नुपर्ने सम्झौता गरिएपनि २० मिनेटको मात्र बृत्तचित्र निर्माण गरेको उल्लेख छ ।

यस्तै बृत्तचित्रको स्क्रिप्ट लेखनको हार्डकपी पेश नभएको, छायाँकंन गरेको फोटोको प्रमाण समेत नदेखिएको र सम्झौता अनुसार काम नभई ३३ प्रतिशत मात्रै कार्यसम्पन्न भएको देखिएकोले पुरा पैसा भुक्तानी भएको हुँदा नियमानुसार ६७ प्रतिशत रकम असुल उपर गरी दाखिला गर्नुपर्ने देखिएको प्रतिवेदनमा उल्लेख छ ।

## संघीय सरकारमा सप्तरीबाट दुई मन्त्री



**नवलकिशोर साह सुडी**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री



**तेजुलला चौधरी**
युवा तथा खेलकुदमन्त्री

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

सप्तरीबाट संघीय सरकारमा दुई जना मन्त्री बनेका छन् । नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारमा जिल्लाबाट प्रतिनिधिसभा सदस्यद्वय नवलकिशोर साह सुडी र तेजुलला चौधरी मन्त्री बनेका हुन् ।

सप्तरी क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्यमा निार्वचित सुडी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री र क्षेत्र नं. ४ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित चौधरी युवा तथा खेलकुदमन्त्री बनेका छन् । मन्त्री सुडी अशोक राई नेतृत्वको जसपाका सांसद हुन भने चौधरी नेपाली काँग्रसका सांसद हुन् ।

यसअघि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारमा सुडी वन मन्त्री थिए । लगत्तै बनेको ओली नेतृत्वको सरकारमा पनि उनलाई मन्त्रीमा निरन्तरता दिइएको छ ।

त्यस्तै चौधरी विगतका सरकारमा युवा तथा खेलकुद राज्यमन्त्री बनेका थिए र अहिले बर्तमान सरकारमा सोही मन्त्रालयको केबिनेट मन्त्री बन्न सफल भएका हुन् ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**विगत १६ वर्ष देखी संचालन हुदै आएको**

**ओभरसियरी क्याम्पस**

**( CTEVT बाट मान्यता प्राप्त )**

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**

**( ३ बर्षे )**

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०८१ श्रावण १३ गते सम्म ।

सम्पर्क :

**सफटेक इन्जिनियरिङ कलेज**

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

**CTEVT बाट मान्यता प्राप्त**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज**

**संचालित कार्यक्रमहरु**

डिप्लोमा तह

**H.A.** (सामान्य चिकित्सा)

अवधी : ३ वर्षे

**V-JTA** भेटनरी जे.टी.ए.

१८ महिने

**P-JTA** बाली विज्ञान

१८ महिने

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

फारम बितरण मिति : २०८१/३/१६ गतेदेखी

फारम बुझाउने अन्तिम मिति : २०८१/४/१३ गतेसम्म

प्रवेश परिक्षा मिति : २०८१/४/१९ गते शनिबार

समय : बिहान ८ बजेदेखी (H.A.)

समय : दिउँसो १ बजेदेखी (V-JTA, P-JTA)

**आजै सम्पर्क गर्नुहोस्**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५३१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### ३४ औं बसन्तमा

आजदेखी हामी ३४ औं बसन्तमा पाइला टेकेका छौं । राजविराज दैनिक पत्रिका प्रकाशनको ३३ औं वसन्त पुरा गरि ३४ औं वसन्तमा प्रवेश गरेको हो । हामी समय अनुकुल परिवर्तन हुँदै सत्यतथ्य समाचार सम्प्रेशन गर्नुका साथै देश विदेशमा रहेका आफ्ना पाठकहरुका लागि विगत पाँच वर्षदेखी ई-पेपरको व्यवस्था मिलाएका छौं ।

प्रेस काउन्सील नेपालले गर्दै आएको पत्रपत्रिका वर्गिकरणमा लगातार आठ वर्षदेखी "क" वर्गमा पर्न सफल यस दैनिक पत्रिका वर्तमान समयमा जिल्लाका पाठक माझ लोकप्रिय पत्रिकाको स्थान समेत ओगटन सफल भएको छ । अहिलेको संचारमाध्यमहरुको प्रतिस्पर्धात्मक यूगमा जिल्लामा आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल बनाएकोमा विशेष रुपमा ग्राहक, शुभेच्छुक तथा विज्ञापनदाताको समर्थन रहेको छ ।

सत्यतथ्य समाचार सम्प्रेशनका लागि कटिबद्व हामी तीन दशक लामो समयदेखी निरन्तरतामा सहयोग र माया गर्ने सबैप्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दै आगामी दिनहरुमा पत्रिका प्रकाशनलाई निरन्तरता दिने विश्वास दिलाउन चाहन्छौं ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नवनियुक्त प्रधानमन्त्री ओलीको जीवनी



**प्रकाश सिलवाल**

काठमाडौं, ३१ असार (रासस) ।

संविधानको प्रभावकारी कार्यान्वयन गर्दै मुलुकमा समृद्धि र विकासका लागि बलियो एवं स्थिर सरकारको आवश्यकता देखिएका बेला ४५औँ प्रधानमन्त्रीका रूपमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली नियुक्त हुनुभएको छ । नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओली नेपाली राजनीतिको केन्द्रमा रहने एक राजनीतिज्ञ हुनुहुन्छ ।

प्रधानमन्त्री ओलीलाई देशका प्रमुख राजनीतिक पार्टी कांग्रेस र एमालेको प्रस्तावमा करिब दुई तिहाइको समर्थनमा सरकारको नेतृत्व गर्ने ऐतिहासिक अवसर प्राप्त भएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा, ७६ (२) बमोजिम आइतबार प्रधानमन्त्रीमा नियुक्त अध्यक्ष ओली संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल एमालेको समर्थनमा मुलुकको कार्यकारी प्रमुखको जिम्मेवारीमा पुनः आउनुभएको हो । संसद् विघटन र सर्वोच्च अदालतमा रिट निवेदन परेका अवधिलाई गणना नगर्ने हो भने अध्यक्ष ओली यसअघि तीन कार्यकाल प्रधानमन्त्री भइसक्नुभएको छ ।

विसं २०७१ साउन १ गते सम्पन्न पार्टीको नवौं राष्ट्रिय महाधिवेशनमा अध्यक्षमा निर्वाचित ओली स्पष्ट अडान राख्ने र दृष्टिकोणमा अडिग रहने नेताका रूपमा चिनिनुहुन्छ । उहाँको गतिशील एवं सबल नेतृत्वमा पार्टी पनि यही देष्टिकोणका साथ अघि बढेको छ ।

नेपालको वर्तमान संविधान जारी भएसँगै २०७२ असोज २४ गते अध्यक्ष ओली पहिलोपटक मुलुकको प्रधानमन्त्री बन्नुभएको थियो । यसैगरी, विसं २०७४ को आम निर्वाचनपछि नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को समर्थनमा २०७४ फागुन ३ गते झन्डै दुई तिहाइ बहुमतसहित उहाँले दोस्रोपटक सरकारको नेतृत्व गर्नुभएको थियो ।

त्यसपछि २०७५ जेठ ३ मा एमाले र माओवादी केन्द्रको एकता भई उहाँ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को दुई अध्यक्षमध्ये पहिलो वरियताको अध्यक्ष हुनुभएको थियो । पार्टीभित्रको विवादका कारण उहाँ नेतृत्वको सरकार अल्पमतमा परेको थियो । तत्कालीन राजनीतिक घटनाक्रमका बीच प्रधानमन्त्रीका हैसियतले मध्यावधि निर्वाचनका लागि गर्नुभएको सिफारिस सर्वोच्च अदालतको आदेशबाट बदर भएपछि अध्यक्ष ओली सरकारको नेतृत्वबाट बाहिरिनु भएको थियो ।

**किसान परिवारमा जन्म, पञ्चायतविरोधी आन्दोलनमा अगुवाइ**

निम्न मध्यम वर्गीय परिवारमा बुबा मोहनप्रसाद र आमा मधुमाया ओलीको सुपुत्रका रुपमा जन्मिएका प्रधानमन्त्री ओली लोकतन्त्रका लागि लामो सङ्घर्ष, जेलनेल, पटकपटक कठोर यातना भोग्ने सीमित नेताहरुमा पर्नुहुन्छ । पूर्वी पहाडी जिल्ला तेह्रथुमको आठराईस्थित इवा गाउँको साधारण किसान परिवारमा २००८ साल फागुन ११ जन्मनुभएका ओली चार वर्षको उमेरमै मातृस्नेहबाट विमुख हुन पुग्नुभएको थियो । हजुरआमा रमादेवी ओलीको पालनपोषणमा हुर्कनुभएका ओलीले बालक छँदा पढाइका साथै ग्रामीण किसान परिवारमा गरिने सबै काम गर्नुभएको थियो ।

तेह्रथुम छोडेर २०२० सालमा उहाँको परिवार झापा बसाइँ सऱ्यो । झापाको सामाजिक, सांस्कृतिक, शैक्षिक तथा आर्थिक परिवेशमा अन्तरघुलित हुँदै जिज्ञासु स्वभावका ओलीले किशोर अवस्था पार गर्नुभयो । हरेकजसो विषयमा जिज्ञासा राख्ने स्वभावले ओलीलाई समाजभित्र हुने असमानता, विभेद र पक्षपातलगायतका प्रश्नहरुको उत्तर खोज्नतिर प्रेरित गऱ्यो ।

अध्यक्ष ओलीको राजनीतिक उदय झापा आन्दोलनको सिर्जना र कठोर भूमिगत सङ्घर्षबाट भएको हो । राजतन्त्रात्मक पञ्चायती शासन व्यवस्थाको विरोधसहित देशभक्ति, लोकतन्त्र, समानता, सामाजिक न्याय, भेदभावरहित समाज र जनजागरणका लागि कम्युनिष्टहरुको सहभागितामा भएको आन्दोलनमा उहाँको नेतृत्वदायी भूमिका रहँदै आएको छ ।

उहाँले लोकतान्त्रिक संरचनाहरुको सबलीकरण, राष्ट्रिय स्वाधीनताको रक्षा, लोकतन्त्रको मूल्यमान्यतप्रति प्रतिबद्धता, उग्रता र भड्काउहरुबाट समाजको रक्षा र जनताको जीवनमा सुखशान्तिका लागि अविचलित रूपमा अग्रणी भूमिका निर्वाह गर्नुभएको छ । 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने सङ्कल्पलाई काँधमा बोकेर मुलुक र जनताको सेवाका लागि सरकारको नेतृत्वमा रहँदा र नरहँदा पनि अहोरात्र खट्ने अध्यक्ष ओली कुशल वक्ता, तार्किक र अध्ययनशील नेतासमेत हुनुहुन्छ ।

करिब छ दशक लामो राजनीतिक यात्राका क्रममा १४ वर्ष कठोर जेलजीवन बिताउनुभएका अध्यक्ष ओली २०७८ मङ्सिरमा चितवनमा सम्पन्न एमालेको दशौं राष्ट्रिय महाधिवेशनबाट दोस्रो कार्यकालका लागि भारी मतका साथ अध्यक्षमा निर्वाचित हुनुभएको थियो ।

पन्ध्र वर्षेको किशोर उमेरमै २०२३ सालमा उहाँ रामनाथ दाहालको अगुवाइमा रहेको मार्क्सवादी अध्ययन दलमा सामेल हुनुभयो । नेता दाहालसहित पाँच योद्धालाई तत्कालीन पञ्चायती सरकारले जेल सार्ने बहानामा सुखानीको जङ्गलमा लगेर गोली हानी हत्या गऱ्यो, उहाँहरूलाई अहिले झापा आन्दोलनका शहीदका रूपमा चिनिन्छ ।

मार्क्सवादी अध्ययन दलमा सामेल भएको दुई वर्षमै पूर्णकालीन राजनीतिमा जोडिएर २०२६ माघमा उहाँले नेपाल कम्युनिष्ट पार्टीको सदस्यता पाउनुभयो । पार्टी सदस्यता पाएको वर्ष नै पहिलोपटक उहाँ गिरफ्तारीमा पर्नुभयो ।

विसं २०२८ मा ओली झापा आन्दोलन कमिटीको प्रमुखमा मनोनित हुनुभएको थियो । सोही आन्दोलनको आधारभूमिबाट अघि बढ्दै गएको पार्टी अहिलेको एमाले हो ।

निरङ्कुश पञ्चायती व्यवस्थाको विरोधका क्रममा नेता ओलीलगायत झापा आन्दोलनका क्रान्तिकारीहरु २०३० सालमा पक्राउ पर्नुभएको थियो । त्यसपछि उहाँले चार वर्ष गोलघरको यातनासहित १४ वर्ष लामो कठोर कारावास जीवन बिताउनुभयो ।

अध्यक्ष ओली जेलमै रहँदा २०३५ साल पुस ११ मा गठित नेपाल कम्युनिष्ट पार्टी (माले)को संस्थापकको हैसियतमा हुनुभयो । २०४४ साल असार ११ गते जेलबाट रिहा भएपछि सोही वर्षको पुस २ मा बसेको नेकपा (माले)को केन्द्रीय कमिटी बैठकले उहाँलाई केन्द्रीय सदस्यमा मनोनयन गरी पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलन परिचालकका लागि लुम्बिनी अञ्चल इन्चार्जको जिम्मेवारी तोक्यो ।

नेकपा (माले) समेतको नेतृत्वमा सञ्चालित जनआन्दोलनले निरङ्कुश पञ्चायती व्यवस्था पराजित भएपछि २०४७ जेठ १ गते नेता ओली पार्टीको युवा संस्था प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घ, नेपालको संस्थापक अध्यक्ष बन्नुभयो ।

नेपालको कम्युनिष्ट आन्दोलनलाई एकीकरण र विस्तार गर्ने क्रममा २०४७ पुस २२ गते नेकपा (माले) र नेकपा (मार्क्सवादी)बीच पार्टी एकीकरण भएर नेकपा (एमाले) बन्यो र एकीकृत पार्टीमा ओली केन्द्रीय सदस्य रहनुभयो ।

**संसदीय यात्रा र एमालेको नेतृत्व**

बहुदलीय व्यवस्थाको स्थापनापछि २०४८ सालमा भएको पहिलो आम निर्वाचनमा झापा-६ बाट प्रतिनिधिसभाको सदस्यमा ओली निर्वाचित हुनुभयो । त्यसको तीन वर्षपछि २०५१ सालमा भएको मध्यावधि निर्वाचनमा झापा-२ बाट उहाँ प्रतिनिधिसभा सदस्य चुनिनु भयो । यही बीचमा पार्टी जिम्मेवारीका क्रममा उहाँ पोलिटब्यूरो सदस्यसहित विदेश विभाग, प्रचार विभाग र संसदीय विभाग प्रमुख हुनुभयो ।

बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि २०५१ सालमा मनमोहन अधिकारीको नेतृत्वमा बनेको प्रथम जननिर्वाचित कम्युनिष्ट सरकारमा उहाँ पहिलोपटक मुलुकको गृहमन्त्री हुनुभयो । उहाँले सफल गृहमन्त्रीको मानक स्थापित गर्नुभयो ।

जनकपुरमा २०५९ सालमा भएको एमालेको सातौं राष्ट्रिय महाधिवेशनमा ओलीबाट प्रस्तुत पार्टीको आन्तरिक लोकतान्त्रिकीकरण गरी बहुपदीय प्रणालीमा जाने प्रस्ताव प्रस्तुत भएपछि पार्टीको उहाँको प्रभाव थप विस्तारित भयो । सो प्रस्तावलाई २०६५ सालमा बुटवलमा भएको आठौं राष्ट्रिय महाधिवेशनले पारित गऱ्यो । उहाँको प्रस्तावलाई महाधिवेशनले पारित गरे पनि उहाँ पार्टी अध्यक्षमा तत्कालीन अध्यक्ष झलनाथ खनालसँग झिनो मतान्तरले पराजित हुनुभयो ।

दुईपटक मिर्गौला प्रत्यारोपण गराउनुभएका ७३ वर्षीय अध्यक्ष ओली समकालीन अन्य नेताभन्दा बढी सक्रिय देखिनुभएकाले विकास र समृद्धिको अधुरो यात्राले गति लिने अपेक्षा गरिएको छ ।

# बाढीपहिरामा परी एक सय आठको मृत्यु

काठमाडौं, ३१ असार (रासस) ।

अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढीपहिराका कारण हालसम्म एक सय आठ जनाको मृत्यु भएको छ ।

प्रहरी प्रधान कार्यालयका अनुसार अविरल बर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढीपहिरालगायत बिपद्मा परी आइतबार दिउँसोसम्म एक सय आठ जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा काठमाडौं उपत्यकामा दुई जना, कोशी प्रदेशमा १९ जना, मधेश प्रदेशमा पाँच जना, बागमती प्रदेशमा नौ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा चार जना र सुदूरपश्चिम प्रदेशमा आठ जना रहेका छन् ।

यस्तै उक्त घटनामा परेर एक सय १९ जना घाइते भएका छन् । घाइते हुनेमा काठमाडौं उपत्यकामा आठ जना, कोशी प्रदेशमा ३१ जना, मधेस प्रदेशमा नौ जना, बागमती प्रदेशमा सात जना, गण्डकी प्रदेशमा २८ जना, लुम्बिनी प्रदेशमा नौ जना, कर्णाली प्रदेशमा १६ जना र सुदूरपश्चिम प्रदेशमा ११ जना रहेका छन् ।

घाइतेलाई उपचारका लागि स्थानीय अस्पताल लगिएको प्रहरीले जनाएको छ । बाढी पहिरोमा परेका ५३ जनाको उद्धार गरिएको र छ जना अझै बेपत्ता भएको प्रहरीले जनाएको छ । बाढीको कारण जम्मा एक सय ८२ घर डुबानमा परेको बताइएको छ । यस्तै, दुई सय तीन वटा घर, ७५ वटा गोठ, ४१ वटा पुल, एक वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । पाँच सय १६ वटा पशुचौपायको मृत्यु भएको छ । उक्त अवधिमा बिपद्का घटनाबाट तीन हजार पाँच सय ५२ घर परिवार बिस्थापित भएका छन् ।

# मधेस प्रदेश सरकारको बजेट खर्च ५६ प्रतिशत

धनुषा, ३१ असार (रासस)।

मधेस प्रदेश सरकारले चालु आर्थिक वर्षमा कूल बजेटको ५५ दशमलव ७५ प्रतिशत बजेट खर्च गरेको छ। प्रदेश सरकारले चालु आवमा कूल रु ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार बजेट विनियोजन गरेकोमा रु २४ अर्ब ५९ करोड ३३ लाख ७६ हजार आठ सय ३९ खर्च गरेको प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालय जनकपुरधामले जनाएको छ।

प्रदेश सरकारले चालुतर्फ रु १८ अर्ब ५३ करोड ८८ लाख ५८ हजार र पुँजीगततर्फ भने रु २५ अर्ब ५७ करोड ५७ लाख ७४ हजार विनियोजन गरेको थियो। जसमध्ये चालुतर्फ सरकारले कूल बजेटको ५० दशमलव १५ प्रतिशत अर्थात् रु नौ अर्ब २९ करोड ६९ लाख २२ हजार सात सय ४० र पुँजीगततर्फ ५९ दशमलव ८१ प्रतिशत अर्थात १५ अर्ब २९ करोड ६४ लाख ५४ हजार ९८ खर्च भएको सो कार्यालयले जनाएको छ।

सरकारले गत आवको तुलनामा यस वर्ष एक दशमलव ६६ प्रतिशत कम बजेट खर्च गरेको हो। गत आवमा सरकारले रु ४७ अर्ब दुई करोड ४१ लाख ५२ हजार एक सय १७ बजेटमध्ये रु २७ अर्ब २४ लाख १२ हजार आठ सय ८५ अर्थात् ५७ दशमलव ४१ प्रतिशत बजेट खर्च गरेको थियो।

गत आवमा चालुतर्फ रु १० अर्ब ७७ करोड ७६ लाख १२ हजार दुई सय ४० अर्थात् ५१ दशमलव ९४ प्रतिशत र पुँजीगततर्फ रु १६ अर्ब २२ करोड ४७ लाख ९९ हजार छ सय ४४ सरकारले खर्च गरेको थियो।

चालु आवमा सरकारले खर्च गरेको बजेटको तथ्याङ्कअनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २७ दशमल ०७ प्रतिशत बजेट खर्च गरेको छ। कार्यालयका लागि रु ५५ करोड ७८ लाख नौ हजार आठ सय ९१ विनियोजन गरिएकोमा रु १५ करोड १० लाख १७ हजार एक सय ४१ खर्च गरेको कार्यालयले जनाएको छ।

अर्थ मन्त्रालयले ३५ दशमलव ६४ प्रतिशत बजेट खर्च गरेको छ। मन्त्रालयको लागि रु ३३ करोड ७१ लख ३४ हजार विनियोजन गरिएकोमा मन्त्रालयले रु १२ करोड एक लाख ५१ हजार तीन सय १७ खर्च गरेको हो।

भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि रु १३ अर्ब ५८ करोड ४० लाख ३९ हजार तीन सय २५ विनियोजन गरिएकोमा त्यसको ५९ दशमलव ९२ प्रतिशत अर्थात् आठ अर्ब १३ करोड ९० लाख ५९ हजार सात सय २१ खर्च गरेको छ। भौतिक पूर्वाधार मन्त्रालयले जेठ मसान्तसम्ममा २४ दशमलव ८३ प्रतिशत बजेट खर्च गरेकोमा असारमा ३५ दशमलव ०९ प्रतिशत बजेट खर्च गरेको हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका लागि रु पाँच अर्ब ६७ करोड ३४ लाख ७८ हजार विनियोजन गरिएकोमा त्यसको ६६.९३ प्रतिशत अर्थात् रु तीन अर्ब ७९ करोड ७० लाख ३३ हजार चार सय ७४ खर्च गरेको छ। स्वास्थ्य मन्त्रालयले जेठ मसान्तसम्ममा ३४.२६ प्रतिशत बजेट खर्च गरेकोमा असारमा ३२.६७ प्रतिशत बजेट खर्च गरेको हो।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले भने असार मसान्तमा मात्र ५० प्रतिशतभन्दा बढी बजेट खर्च गरेको छ। उद्योग मन्त्रालयको लागि रु एक अर्ब ६६ करोड ६६ लाख ११ हजार छ सय ६० विनियोजन गरिएकोमा त्यसको ६१ दशमलव ५९ प्रतिशत अर्थात रु एक अर्ब दुई करोड ६३ लाख ९१ हजार नौ सय २१ खर्च गरेको हो। उद्योग मन्त्रालयले असार मसान्तमा मात्र ५० दशमलव ९७ प्रतिशत बजेट खर्च गरेको हो।

शिक्षा तथा समाज कल्याण मन्त्रालयको लागि रु चार अर्ब पाँच करोड ४६ लाख ५९ हजार आठ सय ६० विनियोजन गरिएकोमा त्यसको ६० दशमलव ६२ प्रतिशत अर्थात् दुई अर्ब ४५ करोड ७७ लाख ८६ हजार ९६ खर्च गरेको छ। यो मन्त्रालयले असारमा मात्र ३४ दशमलव ८१ प्रतिशत बजेट खर्च गरेको हो।

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको लागि रु छ अर्ब ४२ करोड ४६ लाख ३६ हजार दुई सय २४ विनियोजन गरिएकोमा त्यसको ५९ दशमलव ६२ प्रतिशत अर्थात् तीन अर्ब ८३ करोड ७८ हजार दुई सय ७४ खर्च गरेको छ। ऊर्जा मन्त्रालयले असार मसान्तमा मात्र २९.१२ प्रतिशत बजेट खर्च गरेको हो।

गृह, सञ्चार तथा कानुन मन्त्रालयका लागि रु ८२ करोड ५३ लाख ९२ हजार विनियोजन गरिएकोमा त्यसको ४८ दशमलव ३४ प्रतिशत अर्थात् रु ३९ करोड ९० लाख आठ हजार आठ सय ८१ खर्च गरेको छ। गृह मन्त्रालयले असारमा २६ दशमलव ८५ प्रतिशत बजेट खर्च गरेको हो। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको लागि रु दुई अर्ब ६२ करोड ८५ लाख २७ हजार विनियोजन गरिएकोमा त्यसको ४४.९२ प्रतिशत अर्थात् रु एक अर्ब १८ करोड छ लाख ९४ हजार ७६ खर्च गरेको छ। कृषि मन्त्रालयले असार मसान्तमा २५ दशमलव ३६ प्रतिशत बजेट खर्च गरेको हो।

श्रम तथा यातायात मन्त्रालयको लागि रु एक अर्ब दुई करोड २१ लाख ८५ हजार विनियोजन गरिएकोमा त्यसको २९ दशमलव ५९ प्रतिशत अर्थात् ३० करोड २५ लाख एक हजार छ सय ७३ खर्च गरेको हो। रु एक अर्ब ८५ करोड २५ लाख ४९ हजार नौ सय ६४ विनियोजन गरिएकोमा त्यसको ७२ दशमलव १० प्रतिशत अर्थात रु एक अर्ब ३३ करोड ५६ लाख ३१ हजार दुई सय तीन खर्च गरेको छ। वन मन्त्रालयले जेठ मसान्तसम्ममा ४६ दशमलव ३१ प्रतिशत बजेट खर्च गरेकोमा असारमा मात्रै २५ दशमलव ७९ प्रतिशत बजेट खर्च गरेको छ।

खर्चको तथ्याङ्कअनुसार आव २०८०/८१ मा वन तथा वातावरण मन्त्रालयले सबैभन्दा बढी बजेट खर्च गरेको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सबैभन्दा कम खर्च गरेको छ। वन तथा वातावरण मन्त्रालयले ७२ दशमलव १० र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २७ दशमलव ०७ प्रतिशत बजेट खर्च गरेको छ।


## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौ र बचाऔं।

जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी



## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौ र बचाऔं।

जनहीतका लागि : तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी


# विश्व समाचार

## आक्रमणमा मेरो हत्या गर्ने अभिप्रायले गरिएको थियो : अमेरिकाका पूर्वराष्ट्रपति ट्रम्प

वासिङ्टन, ३१ असार (रासस/एएफपी)।

अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी सञ्चारमाध्यम 'न्यूयोर्क पोस्ट' सँगको कुराकानीमा शनिबारको आक्रमणमा 'आफू मारिने सम्भावना' बाट उम्केको बताउनुभएको छ।

रिपब्लिकन नेसनल कन्भेन्सनमा भाग लिन मिल्वौकी जाने क्रममा आफ्नो विमानमा सवार ट्रम्पले 'न्यूयोर्क पोस्ट' लाई दिएको अन्तर्वार्तामा आफूलाई बचाउन सुरक्षा अधिकारी र अभियानमा सहभागी शुभेच्छुकले खेलेको भूमिकाको प्रसंशा गर्दै भन्नुभयो, सायद, म यहाँ हुने थिइन, म मरेको हुन्थेँ होला।"

उहाँले आफ्नो दाहिने कानमा सेतो पट्टी बाँधेर सुनाएको यो 'अति वास्तविक अनुभव' भएको पत्रिकाले उल्लेख गरेको छ। शनिबार एक चुनावी र्‍यालीमा सहभागी हुने क्रममा बन्दुकधारीले प्रहार गरेको गोलीले ७८ वर्षीय ट्रम्पको कानमा लछार्दै गएको थियो। आक्रमणबाट उहाँको अनुहार रगताम्य भएको, एक जना पैदलयात्रीको मृत्यु भएको र अन्य दुई जना घाइते भएका थिए।

ट्रम्पले र्‍यालीलाई सम्बोधन गर्ने क्रममा अवैध आप्रवासीसम्बन्धी चार्ट पढ्नका लागि आफ्नो टाउको दायाँतिर नझुकेको भए आफ्नो मृत्यु हुने बताउनुभएको थियो। उहाँले भन्नुभयो, "घटनापछि धेरैले भनिरहेका छन् कि "भाग्यले वा भगवानको कृपाले म अझै पनि जीवित छु।"

गोली प्रहार गर्ने आक्रमणकारीलाई तत्काल 'सफाया' गरेकामा उहाँले गुप्तचर सेवाका एजेन्टको प्रशंसा गर्नुभयो।

उहाँले भन्नुभयो, "उनीहरूले आक्रमणकारीलाई आँखाको बीचमा एउटा गोली प्रहार गरी आफूलाई भीडबाट बाहिर निकालिएको मलाई बताइएको छ।""उनीहरूले उत्कृष्ट काम गरे," उहाँले भन्नुभयो, "यो हामी सबैका लागि अवास्तविक छ।"

सिक्रेट सर्भिसका एजेन्टहरूले ट्रम्पलाई घेरा हालेर भीडबाट निकाल्दै गर्दा मुट्ठी उठाएको तस्बिर संसारभरका पत्रिकाको फ्रन्ट पेजमा छापिएको थियो।

उक्त तस्वीर सामाजिक सञ्जालमा भाइरल भएको थियो। "धेरै मानिसहरूले यो आफूले देखेको सबैभन्दा प्रतिष्ठित तस्वीर भएको बताउँछन्," पूर्व राष्ट्रपतिले न्यूयोर्क पोस्टसँग भन्नुभयो "उनीहरूले सही भनेका हुन्। आक्रमणबाट म बाँच्न सफल भएको छु। सामान्यतया पत्रपत्रिकामा यस्तो चर्चा एक जीवित व्यक्तिका लागि विरलै हुने गर्छ।

## युक्रेनी ड्रोन खसालेको रूसको दाबी

मास्को, रूस, ३१ असार (रासस/एएफपी)।

रूसको पश्चिम र क्रिमियामा आइतबार रातभरमा २२ युक्रेनी ड्रोन खसालेको रूसी रक्षा मन्त्रालयले सोमबार जनाएको छ।

जिम्मेवारीमा रहेका हवाई रक्षा प्रणालीहरूले २२ वटा युएभी नष्ट गरी रोकेको मन्त्रालयले टेलिग्राम पोस्टमार्फत दिएको सूचनामा उल्लेख छ। मन्त्रालयका अनुसार रूसी सीमा क्षेत्र ब्रायन्स्कमा १५, क्रिमियामा छ र लिपेट्स्कमा एउटा ड्रोन खसालिएको थियो।

कुर्स्कका गभर्नरले यसबाहेक कुर्स्कमा थप तीन युक्रेनी ड्रोन खसालिएको बताउनुभयो। युक्रेनले यस वर्ष रूसी भूभागमा आफ्ना आक्रमणहरू बढाएको छ, यसले रूसको सेनालाई इन्धन पुर्‍याउने दुवै ऊर्जा स्थलहरू, साथै सीमापारका सहर र गाउँहरूलाई लक्षित गरेको छ।

दुवै पक्षले सन् २०२२ फेब्रअरीमा सुरु भएको द्वन्द्वमा व्यापक रूपमा सयौं किलोमिटर फैलिएको क्षेत्रमा व्यापक 'सेल्फ-डिटोनेटिङ क्राफ्ट'सहित ड्रोन प्रयोग गर्ने गरेका छन्।

## आश्चर्यको अपेक्षा नगरिएको सिरियाको निर्वाचन

स्कस, ३१ असार (रासस/एएफपी)।

सन् २०११ मा गृहयुद्ध सुरु भएयताको चौथो संसदीय निर्वाचनमा सिरियाली सरकार नियन्त्रित क्षेत्रका बासिन्दाले सोमबार मतदान गरिरहेका छन्।सन् १९६३ देखि सत्तामा रहेको बाथ पार्टी र यसका धर्मनिरपेक्ष वामपन्थी र अरब राष्ट्रवादी सहयोगीहरू लगभग निर्विरोध चुनाव लडिरहेका छन् भने विकल्पमा स्वतन्त्रहरू मात्र छन्।

सिरियाको सर्वोच्च न्यायिक निर्वाचन समितिका अनुसार हालैका दिनमा करिब सात हजार ४०० उम्मेदवारले नाम फिर्ता लिएपछि संसद्को २५० सिटका लागि एक हजार ५०० भन्दा बढी व्यक्ति चुनावी मैदानमा उत्रिएका छन्।

दमास्कसको एक मतदान केन्द्रमा मतदान गर्नेमध्येका ४९ वर्षीय स्वास्थ्य मन्त्रालयका कर्मचारी बोदुर अबु गजालेहले भन्नुभयो, "हामीले असल व्यक्तिलाई निर्वाचित गर्ने र केही परिवर्तन गर्न नसक्ने पुराना नामलाई मतदान गर्दा विगतका गल्ती नदोहोर्‍याउने जिम्मेवारी लिनुपर्छ।सिरियाको कोटा प्रणालीअन्तर्गत १२७ सिट श्रमिक वा किसानका लागि आरक्षित गरिएको छ भने बाँकी १२३ सिट अन्य पेशाका लागि खुला गरिएको छ।

हरेक चार वर्षमा हुने मतदान अन्तर्गत सोमबार भएको निर्वाचनमा बाथ पार्टीले अधिकांश स्थान सुरक्षित गर्ने अपेक्षा गरिएको छ।इरान र रूसको सहयोगमा दमास्कसले सिरियाको १३ वर्ष लामो गृहयुद्धको सुरुआतमा गुमेको अधिकांश भूभाग पुनः आफ्नो नियन्त्रणमा लिएको छ।

युद्धे विदेशी सेना र जिहादीहरूको जटिल द्वन्द्वमा परिणत भयो र यसका कारण पाँच लाखभन्दा बढी मानिसहरूको मृत्यु भएको छ भने लाखौँलाई विस्थापित गरेको छ।

सरकारी नियन्त्रणमा रहेका क्षेत्रमा १८ वर्ष वा सोभन्दा बढी उमेरका र परिचयपत्र भएका सिरियाली नागरिकका लागि मतदान गर्न करिब आठ हजार १५० मतदान केन्द्र निर्धारण गरिएको छ।

# ओली नेतृत्वको सरकारमा २२ मन्त्रिद्वारा शपथ

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

नेपाली काँग्रेस र नेकपा एमालेले सत्ता साझेदारी गर्ने सहमति जनाएपछि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सोमबार तेश्रो पटक प्रधानमन्त्री बनेका छन् ।

नवनियुक्त प्रधानमन्त्री ओलीले सोमबार बिहान राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिए ।

प्रतिनिधिसभाका दुई ठूला राजनीतिक दल कांग्रेस र एमालेबीच यही असार १७ गते भएको सहमतिसँगै अध्यक्ष ओली प्रधानमन्त्रीमा नियुक्त भएका हुन् ।

यस्तै प्रधानमन्त्री ओली नेतृत्वको सरकारमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ, गृहमन्त्री रमेश लेखक, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्‌सिंह



भण्डारी, परराष्ट्रमन्त्री डा आरजु राणा, खानेपानीमन्त्री प्रदीप यादव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

यसैगरी, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई, रक्षामन्त्री मानवीर राई, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले पद तथा गोपनीयताको शपथ लिनुभएको हो । यसअघि सोही समारोहमा प्रधानमन्त्री केपी शर्मा ओलीले पद तथा गोपनीयताको शपथ लिनुभएको थियो । त्यसपछि उपप्रधानमन्त्रीद्वय प्रकाशमान सिंह र विष्णुप्रसाद पौडेलले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

# शरतसिंह २० औं पटक मन्त्री

**दैनिक समचारदाता**
**राजविराज, ३१ असार ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका वरिष्ठ नेता शरतसिंह भण्डारी २० औं पटक मन्त्री बनेका छन् ।

उनी केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्मा फेरि मन्त्री भएसँगै उनी २० औं पटक मन्त्री बन्न सफल भएका हुन् ।



पञ्चायतदेखि गणतन्त्रसम्म पटक पटक मन्त्री बन्न सफल उनी पहिलो पटक २०४३ असारमा सहायकमन्त्री बनेका थिए । त्यसयता पटक पटक मन्त्री हुँदै सोमबारसम्म आइपुग्दा उनी २० औं पटक मन्त्रीको रूपमा सिंहदरबारमा प्रवेश गरेका हुन् ।

ओली नेतृत्वको मन्त्रिपरिषद्मा उनले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको जिम्मेवारी पाएका छन् ।

# देशभर ६७.३ प्रतिशत रोपाइँ

काठमाडौं, ३१ असार (रासस) ।

हालसम्म देशभर ६७.३ प्रतिशत रोपाइँ सकिएको छ । अहिलेसम्म नौ लाख ४० हजार पाँच सय हेक्टर क्षेत्रफलमा रोपाइँ सकिएको छ ।

कोशी प्रदेशमा ६१.७, मधेस प्रदेशमा ६१.५, बागमती प्रदेशमा ६९.२, गण्डकी प्रदेशमा ७५, लुम्बिनी प्रदेशमा ६६.७, कर्णाली प्रदेशमा ७८ र सुदूरपश्चिम प्रदेशमा ८६ प्रतिशत क्षेत्रफलमा रोपाइँ सकिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता हरिबहादुर केसीले राससलाई जानकारी दिनुभयो ।



यो हप्ता पानी परेकाले गत हप्ताको भन्दा बढी क्षेत्रफलमा रोपाइँ भएको हो ।

असारको तेस्रो हप्तासम्म पनि देशभर राम्रोसँग वर्षा नभएकाले धेरै ठाउँमा रोपाइँ हुन सकेको थिएन । चौथो हप्तापछि वर्षा निरन्तर भएको थियो ।


जनहितमा जारी सन्देश

**दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं ।**

बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो ।
बालविवाह नगरौं नराऔं,
बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ"



अनुरोधकर्ता : खडक नगरपालिका, सप्तरी


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

कंचनरुप नगरपालिका, सप्तरी


# जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : सप्तकोशी नगरपालिका, सप्तरी


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*